**राजस्व न्यायाधिकरण काठमाडौ**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**
**फैसला**

२०७५।०७६ सालको निर्णय नं. ९२
पुनरावेदन नं. ९७–०७५-RB-००००१
**मुद्दाः– आयकर (२०६६/०६७) ।**

| | |
|---|---|
| जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं. २ लाजिम्पाटमा केन्द्रिय कार्यालय रहेको माछापुच्छ्रे बैंक लिमिटेड (स्थायी लेखा नं. ३००२२५९६१) को तर्फबाट अधिकार प्राप्त प्रमुख कार्यकारी अधिकृत सुमन शर्मा........................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर........................................ १<br>श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट..................................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**
पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री बालकृष्ण ढकाल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री अञ्जन भट्टराई
**अविलम्वित नजीरः ×**

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः  प्रमुख कर प्रशासक श्री शंकर प्रसाद खरेल
शुरु कर्यालयको निर्णय मितिः–२०७१/०६/२९

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल
निर्णय मितिः २०७५/०२/११

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुबाट मिति २०७१।०६।२९ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. पुनरावेदक करदाता माछापुच्छ्रे बैंक लिमिटेडले आ.व. २०६६/०६७ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू. ९,६४,१९,३८०।- देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०६७/०९/२९ मा आय विवरण पेश गरेको ।

२. करदाताको आ.व. २०६६।०६७ को आय विवरण सम्बन्धमा कर परीक्षण गर्ने क्रममा प्राप्त कागजातको अध्ययन, छानविन तथा हिसाव कितावको परीक्षण गरी सो सम्बन्धमा मिति २०७१।६।०५ को कर लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरू दावी भएको, व्यवसायको मुनाफा र लाभतर्फ गणना हुनुपर्ने रकम समावेश भएको नदेखिएको तथा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा अग्रिम कर कट्टी गरेको नपाइएको हुँदा सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत

व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७१/०६/०६ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/०६/०६ मा जारी भएको सूचना करदाताले मिति २०७१/०६/१२ मा बुझी लिएको ।

४. करदाताले मिति २०७१/०६/१२ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७१/०६/२६ मा पेश गरेको ।

५. करदाताको आ.व. २०६६/०६७ का लागि रु. १०,६५,०८,८८८।- करयोग्य आय कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/०६/२९ मा खडा भएको निर्णय पर्चा ।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७१/०६/२९ मा जारी गरेको आ.व. २०६६/०६७ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी माछापुच्छ्रे बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७१/०८/०७ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. पुनरावेदक कम्पनिको हकमा कार्यलयबाट भएको कर निर्धारण कानून सम्मत भएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०२/११ मा भएको निर्णय ।

८. शुरु कार्यालयले विना आधार तथा ऐनको गलत व्याख्या गरी मिति २०७१।६।२९ मा गरेको कर निर्धारणको निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।२।११ मा बैंकको कर्मचारीहरूलाई उपलब्ध गराइएका सवारी साधनहरूमा ह्रास कट्टी नहुने रकम रु. ८०,९७,२८१।९६, इन्स्योरेन्स खर्च रू. ३,०८,७७८।- सवारी कर खर्च रू. २,१९,९१०।- र इन्धन खर्च रकम रू. ७,८२,८९२।- समेत जम्मा रकम रू ९४, ०८,८६१।९६ यस बैंकको आ.व. २०६६/०६७ को लागी कर योग्य आयमा थप गरेको कार्य आयकर ऐन. २०५८ को मनसाय र भावना विपरित रहेको छ । आयकर ऐन, २०५८ को दफा १९ मा भएको व्यवस्था अनुसार यस बैंकले पेश गरेको विभिन्न तर्क तथा प्रमाणका आधारमा कर निर्धारण गर्दा आयकर ऐन तथा नियमावली बमोजिम सवारी साधनहरुको कर खर्च, बिमा खर्च तथा इन्धन खर्च, मर्मत, सवारी साधनको ह्रास कट्टी गर्न पाउनेमा

बैंकलाई थप कर रकम दाखिला गर्न लगाउने गरी शुरू कार्यालयबाट मिति २०७१।०६।२९ मा भएको निर्णय आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।२।११ मा भएको निर्णय आदेश समेत बदर गरी शुरु कार्यालयमा पेश गरेको प्रतिकृया, विभागमा पेश गरेको प्रशासकिय पुनरावलोकन एवं यस पुनरावेदन समेतका आधारमा फैसला गरी पाउन सादर अनुरोध छ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७५/०४/६ मा यस न्यायाधिकरण समक्ष दर्ता भएको पुनरावेदन पत्र ।

९. यसमा मुलुकी फौजदारी कार्यविधि(संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/११/१२ मा भएको आदेश ।

## ठहर खण्ड

१०. नियम बमोजिम पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

११. पुनरावेदक पक्षबाट उपस्थित विद्धान अधिवक्ता बालकृष्ण ढकालले Own your vehicle Scheme (OYVS) अन्तर्गत खरीद भएका सवारी साधनहरु ब्यबसायकै नाममा रहने, ब्लु बुक लगायतका कागजातमा ब्यबसायकै स्वामित्व देखिने, कर्मचारीले कार्यालय प्रयोजन सहित आफ्नो काममा प्रयोग मात्र गर्ने, कर्मचारीको स्वेच्छाले नभई संस्थाको निर्णयले मात्र सवारी साधन उपयोग गर्न सकिने भै ब्यबसायकै सवारी साधन भएको हुँदा सो को ह्रास खर्च, कर शुल्क एवं बीमा समेत ब्यबसायकै खर्चमा पर्ने भै सो खर्च कट्टी दावी कानून बमोजिम भएकाले करदाताले खर्च कट्टी पाउनु पर्दछ । ईन्धन समेत ब्यबसायले ब्यहोर्ने र पछि निसर्ग समेत ब्यबसायकै निर्णय बमोजिम मात्र हुने हुँदा स्वामित्व र प्रयोगमा रहेको स्थायी सम्पतिको ह्रास खर्च, बीमा शुल्क र कर तिरेको खर्च अमान्य गर्नु कानून विपरीत भएकाले बदरभागी छ भन्ने बहस जिकीर प्रस्तुत गर्नुभयो ।

१२. प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान सरकारी वकिल अञ्जन भट्टराई ले Own your vehicle Scheme (OYVS) सम्बन्धमा यस भन्दा पहिले यसै

इजलासबाट धेरैवटा मुद्दा फैसला भैसकेको हुँदा यस विषयमा थप जिकीर गरिरहन परेन भन्ने बहस जिकीर प्रस्तुत गर्नु भयो ।

१३. प्रस्तुत मुद्दाको प्राप्त शुरु मिसिल र पुनरावेदन पत्र अध्ययन गरी उपरोक्तानुसारको विद्धान अधिवक्ता एवं विद्धान सरकारी वकिलको बहस सुनी सकेपछि अब शुरुको निर्णय मिलेको छ वा छैन र पुनरावेदन जिकिर अनुसार हुने हो वा होइन ? भन्ने तर्फ निम्नानुसार निर्णय दिनुपर्ने देखिन आयो ।

**<u>Own your vehicle scheme का सम्बन्धमाः-</u>**

बैंकको निर्णयानुसार कर्मचारीलाई सवारी साधन खरिद गरिदिने योजना सञ्चालन गरेको, सुविधा पाउने कर्मचारीले बैंकको हित वा सेवा शर्त विपरीत कार्य गरेमा सुविधाबाट वञ्चित गर्न मात्र बैंकको स्वामित्व कायम राख्न सवारी साधन बैंकको नाममा राखिएको, उपलब्ध गराईएको सवारी साधन निर्वाध रुपमा उपयोग गर्ने अधिकार (Possessory Right) सम्बन्धित कर्मचारीमा नै रहने, ब्यबसायिक काममा समेत अन्यले प्रयोग गर्न नपाउने, ईन्धन र मर्मतको खर्च निश्चित सीमा भन्दा माथिको सम्बन्धित कर्मचारीले नै ब्यहोर्ने, कर्मचारीको रोजाईमा रकम थप गरेर सवारी साधन खरिद गर्न सकिने, सवारी साधनको प्रयोग बैंकको आय आर्जन सँग सम्बन्धित कामका लागि मात्र नहुने, ब्यक्तिगत प्रयोजनमा बढी उपयोग हुने र पछि तोकिएको समयमा कर्मचारीलाई नै हस्तान्तरण भै सम्पतिको निसर्गबाट बैंकलाई कुनै प्रतिफल प्राप्त नहुने भएकाले पूर्ण स्वामित्व बैंकको हो भन्न सकिने अवस्था देखिएन ।

Nepal Accounting Standard (NAS) को Paragraph 6 and 7 मा यस सम्बन्धि परिभाषा र Recognition बारे यस्तो उल्लेख भएको पाइन्छः-

"Property, plant and equipment are tangible items that :- a) are held for use in the production or supply of goods or services, for rental to others or for administrative purpose." Para-6

"The cost of an item of property, plant and equipment shall be recognized as an asset, if and only if, (a) It is probable that future economic benefits associated with the item will flow to the entity."Para–7

लेखामानको उपरोक्त उल्लेखन अनुसार कुनै निकायको सम्पति हुन त्यस्तो सम्पति उक्त निकायको उत्पादन कार्यमा प्रयोग भएको हुनु पर्ने, वस्तु तथा सेवाको वितरणमा

प्रयोग भएको हुनु पर्ने, अन्य ब्यक्तिलाई भाडामा दिन सक्ने वा प्रशासकीय कार्यमा प्रयोग भएको हुनु पर्नेमा बैंकले स्वतन्त्र रुपमा उल्लेखित कुनै पनि कार्यमा प्रयोग गर्न सक्ने देखिएन । ब्लु बुक र दर्ताका आधारमा मात्र सवारी साधन बैंकको स्वामित्वमा रहेको भनी ब्यवसायको वार्षिक आयबाट निम्नानुसारका खर्च कट्टी दावी गरेको सन्दर्भमा हेर्दा निम्नानुसार हुने देखियोः

**अ) ह्रास खर्च कट्टी दावीः-** आयकर ऐन, २०५८ को दफा १९(१) मा कुनै ब्यक्तिले कुनै आय वर्षमा कुनै ब्यबसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो ब्यबसाय वा लगानीबाट सो ब्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पतिको ह्रास भए वापत अनुसूची – २ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ भन्ने ब्यबस्था भएकोमा Own your vehicle scheme अन्तर्गत खरिद भएका सवारी साधनको पूर्ण स्वामित्व बैंकको हुने नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिएको अवस्था हुँदा माथि विवेचित तथ्यबाट सवारी साधनको ह्रास खर्च कट्टी दावी नपाउने गरी भएको शुरुको निर्णय कानून सम्मत नै देखिन आयो ।

**आ) बीमा खर्चः–** माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको बीमा खर्च अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

**इ) सवारी साधन करः–** माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको सवारी साधन कर खर्च अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

**ई) इन्धन खर्च सम्वन्धमाः-** माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिंदा सवारी साधनका लागि गरेको इन्धन खर्च अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

१४. अतः माथि विवेचित आधार र कारणबाट स्थायी लेखा नं. ३००२२५९६१ भएका पुनरावेदक करदाता माछापुच्छ्रे बैंक लिमिटेडको आ.व. २०६६।०६७ को आयकर निर्धारणको सम्बन्धमा शुरु कार्यालयको मिति २०७१।६।२९ को निर्णय र सोलाई

समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।२।११ मा भएको निर्णय मिलेको देखिदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

१५. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु ।

१६. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री सीता अधिकारी

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७५ साल चैत्र ४ गतेरोज २ शुभम......